नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## संघीय मामिला शाखा

पत्र संख्या:- सं.मा.शा. २०७४/०७५
चलानी संख्या:- २८

फोन नं. ४२११८९५
सिंहदरवार, काठमाडौं

मितिः- २०७४/०५/११

श्री महाशाखा (सवै),
श्री समिति/प्रतिष्ठान/आयोग (सवै),
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
श्री जिल्ला समन्वय समिति (सवै),
श्री गाउँपालिका (सवै),
श्री नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका (सवै)।

विषयः- जानकारी गराइएको।

महान्यायाधिवक्ताको कार्यालयको चलानी संख्या ०५ मिति २०७४।०४।०१ को पत्रको साथमा सम्मानित सर्वोच्च अदालतको रिट संख्या ०७३-WO-१३४४/१३७१ "क" भएको उत्प्रेषण विषयको रिट निवेदनमा मिति २०७४।०३।२० मा भएको अन्तरिम आदेशको प्रतिलिपि प्राप्त भएको हुँदा उक्त आदेशको व्यहोरा सवैको जानकारीको लागि मन्त्रालयको website (www.mofald.gov.np) मा प्रविष्ट गरिएको व्यहोरा अनुरोध छ।

**बोधार्थ**
श्री सूचना तथा विद्युतीय शासन शाखा :- मन्त्रालयको website मा प्रविष्ट गरिदिनु हुन।

२०७४।५।११

**(रविन्द्र आचार्य)**
**शाखा अधिकृत**

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

आदेश

०७३-WO-१३४४

विषयः उत्प्रेषण ।

अधिवक्ता लक्ष्मण थपलियासमेत ---------------------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत ----------------- विपक्षी

अन्तरिम आदेशको छलफलको लागि पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री उपेन्द्र केशरी न्यौपाने, विद्वान अधिवक्ताहरु श्री सुनिलकुमार पोखरेल, श्री पदमबहादुर श्रेष्ठ र श्री लक्ष्मण थपलियाले गर्नुभएको बहस सुनियो।

यसमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/२/१७ को निर्णयबाट जारी गरिएको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ का केही प्रावधान संविधानको धारा १५१, २१७ समेतमा उल्लेखित प्रावधान प्रतिकूल हुँदा उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी परेको रिट निवेदनका सन्दर्भमा अन्तरिम आदेश जारी हुने वा नहुने सन्दर्भमा विचारार्थ पेश हुन आएको देखियो।

नेपालको संविधानको धारा २१७ मा "कानून बमोजिमको आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ" भन्ने उल्लेख भएको पाइन्छ। यसबाट न्यायिक समितिको

संयोजक उपाध्यक्ष वा उप-प्रमुख रहने र सोही समितिले न्यायिक काम कारवाही सञ्चालन गर्ने गरी संविधानले प्रकृया निर्धारण गरेको देखिन आउँदछ। उक्त प्रावधान प्रतिकूल हुने गरी अन्यथा कुनै प्रकृया अपनाउन सकिने देखिँदैन। यसका अतिरिक्त उक्त संविधानको धारा १५१ ले "अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानुनबमोजिम पुनरावेदन सुन्ने" अधिकार जिल्ला अदालतलाई प्रदान गरेको देखियो। न्याय प्रशासन ऐन, २०७३ को दफा ७(४) मा समेत "प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई आफ्नो जिल्लाभित्र संघीय कानूनबमोजिम अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर र प्रदेश कानूनबमोजिम गठित स्थानीयस्तरका न्यायिक निकायले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार हुनेछ" भनी स्पष्टरुपमा उल्लेख भएको देखिन्छ।

उपरोक्त संवैधानिक एवं कानूनी व्यवस्था अनुसार अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय वा अन्तिम आदेश उपर पुनरावेदन सुन्ने अधिकार जिल्ला अदालतलाई प्रदान गरेको देखियो। स्थानीय तहको सेवा सन्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को विवादित प्रावधान बुँदा नं. २४ सँग सम्बन्धित अनुसूची-५ को प्रकरण १४ मा "दफा १३ को उपदफा (४) वा (५) बमोजिम अध्यक्ष वा प्रमुखले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ र त्यस्तो पुनरावेदनको सम्बन्धमा उच्च अदालतबाट भएको निर्णय अन्तिम हुनेछ" भनी उल्लेख भएको देखिन्छ। यसरी अर्धन्यायिक निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन सुन्ने अधिकार जिल्ला अदालतलाई भएको संवैधानिक व्यवस्थासँग स्थानीय तहको सेवा सन्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. २४ सँग सम्बन्धित अनुसूची-५ को प्रकरण १४ मा रहेको उच्च अदालतमा पुनरावेदन लाग्ने भन्ने व्यवस्था कानून एवं संविधान अनुकूल देखिन नआएको र संविधानको धारा ३०२ मा रहेको प्रावधान बमोजिम जारी गरिएको आदेशले संविधानको धारा १५१ र धारा २१७ लाई संकुचित गर्न सक्ने अवस्था नदेखिएको हुँदा विवादित आदेश अनुसारको पुनरावेदन सुन्ने क्षेत्राधिकार सम्बन्धी प्रावधान कार्यान्वयनमा आउनु मनासिव देखिएन। सो हदसम्मको कुरामा बाहेक निवेदकले उठाएका अन्य विषय वा प्रश्नहरु मूलतः प्रशासनिक प्रकृतिको कार्य देखिएको र सो सम्बन्धमा निवेदन किनारा हुँदाका अवस्थामा आवश्यक विवेचना र निरोपण हुन सक्ने नै

अतः विवादित स्थानीय तहको सेवा सन्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को बुँदा नं. २४ सँग सम्बन्धित अनुसूची ५ को प्रकरण १४ अनुसार पुनरावेदन सुन्ने सम्बन्धी प्रावधान यो रिट निवेदन किनारा नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्बत् २०७४ साल असार महिना २० गते रोज ३ शुभम् ------------------------